सामाजिक
# सुरक्षा खबर
सामाजिक सुरक्षा कोष
Social Security Fund
सामाजिक सुरक्षा कोषको मासिक प्रकाशन
NOV-DEC 2020 | Vol. 8
मंसिर, २०७७
www.ssf.gov.np

## सम्माननीय प्रधानमन्त्री केपी शर्मा वलीज्यूले तेश्रो सामाजिक सुरक्षा दिवशको अवशरमा दिनुभएको शुभकामना सन्देश

काठमाडौं, नेपाल

प्रधानमन्त्री

### शुभकामना

तेस्रो सामाजिक सुरक्षा दिवसको अवसरमा सामाजिक सुरक्षा कोषसँग आवद्ध रोजगारदाता, यसका योगदानकर्ता तथा कोष परिवारलाई हार्दिक बधाई तथा कोषको उत्तरोतर प्रगतिको कामना गर्दछु ।

सामाजिक सुरक्षा कार्यक्रम सरकारले प्राप्त गर्न खोजेको 'समृद्ध नेपाल, सुखी नेपाली' को लक्ष्य पूरा गर्न शुरु गरिएको कार्यक्रम हो । यसले जनताको अप्ठेरो अवस्थामा राज्य छ, राज्यका निकायहरू छन् र तिनले राज्यले निर्वाह गर्नुपर्ने अभिभारा वहन गर्दछन् भन्ने विश्वास आम नागरिकमा जगाउन अवश्य सहयोग पुग्नेछ । यसको सफल अभ्यासबाट नागरिक कल्याणलाई शुनिश्चित गर्दै देशलाई कल्याणकारी लोकतन्त्रको पथमा अगाडि बढाउन सकिन्छ भन्ने कुरामा सरकार स्पष्ट छ । यस कार्यक्रमले आर्थिक तथा सामाजिक रुपमा जोखिममा रहेका नागरिकलाई संरक्षण प्रदान गर्दै सुदृढ सामाजिक सुरक्षा प्रणालीले औद्योगिक शान्ति र स्थायित्व कायम गरी उत्पादकत्व बढाउने र थप रोजगारीसमेत सिर्जना गर्ने राज्यको नीतिलाई आत्मसात गरेको छ । कोषका योगदानकर्ता लक्षित औषधी उपचार, स्वास्थ्य र मातृत्व सुरक्षा योजना, दुर्घटना तथा अशक्तता सुरक्षा योजना, आश्रित परिवार सुरक्षा योजना, वृद्धवस्था सुरक्षा योजनाहरू एकैसाथ सञ्चालन गरेकोमा खुशी व्यक्त गर्दछु ।

आम नागरिक विषेशगरी श्रमजीवि वर्गको सुविधा सरकारको मात्र हैन सरकारसँगै हातेमालो गर्ने नीजि क्षेत्रको समेत चिन्ताको विषय हो । असल श्रम अभ्यासमार्फत् श्रमिकको उत्पादकत्वमा समेत वृद्धि गर्दै आर्थिक प्रगतिको मार्गप्रशस्त गर्न सामाजिक सुरक्षालाई सिद्धान्त मात्र होइन, व्यवहारको रुपमा अवलम्वन गर्नु आवश्यक छ । तसर्थ सरकारले शुरु गरेको कार्यक्रमलाई समर्थन जनाउँदै सहकार्य गरिरहेका नीजि क्षेत्र आगामी दिनमा झन् जिम्वेवारी वोधका साथ अगाडि वढ्नेछन् भन्ने सरकारले विश्वास गरेको छ । आउने दिनमा सामाजिक सुरक्षा कोषलाई सबैले अपनत्व वोध गर्ने कोषको रुपमा विकास गराउन तथा सामाजिक सुरक्षा कार्यक्रमलाई सबै नागरिकसम्म पुऱ्याउन गर्नुपर्ने समन्वय तथा सहयोग गर्ने कुरा सरकारको तर्फबाट विश्वास दिलाउन चाहन्छु ।

अन्त्यमा, सामाजिक सुरक्षा दिवसले कोष परिवारमा थप ऊर्जा प्राप्त भई आगामी दिनमा अझ मजबुत बन्दै जाओस् र कोषका गतिविधिहरू अपेक्षाअनुरुप गुणस्तरीय बन्दै जाउन् भन्ने शुभकामना व्यक्त गर्दछु ।

११ मंसिर २०७७

केपी शर्मा ओली

# सामाजिक सुरक्षा दिवश समारोहमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मंत्रीले दिनुभएको शुभकामना मन्तव्य



काठमाण्डौ, नेपाल

**शुभकामना**

तेस्रो सामाजिक सुरक्षा दिवस २०७७ को अवसरमा सामाजिक सुरक्षा कोषसँग आबद्ध सम्पूर्ण रोजगारदाता, योगदानकर्ता, सेवा सम्झौता गरेका स्वास्थ्य संस्थाहरु, कोषका वर्तमान तथा पूर्व कर्मचारी एवं पदाधिकारीहरु लगायत सबै सरोकारवालाहरुप्रति हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्न चाहन्छु ।

योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमको सफल कार्यान्वयनमार्फत योगदानकर्ताको हित प्रबर्धन गर्दै सेवाकालमा रहँदा आइपर्ने जोखिमको न्यूनिकरण तथा अवकाशपछिको जीवनमा आर्थिक सुरक्षा प्रदान गर्नु कोषको मूल ध्येय हो । गुणस्तरीय सेवा प्रवाहलाइ प्रविधिमा आधारित बनाउँदै वित्तीय श्रोतको कुशलतापूर्वक परिचालन गर्न कोष अविछिन्न रुपमा अगाडि बढिरहेको छ । योगदानकतमैत्री सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गर्दै कोषको कुशल व्यवस्थापन गरी सुदृढ तथा विश्वसनीय संस्थाको रुपमा स्थापित हुन कोष कटिबद्ध रहेको छ ।

आर्थिक विकासका लागि आन्तरिक पूँजी परिचालन गर्दै प्रभावकारी भूमिका निर्वाह गर्ने विषयमा कोष प्रतिबद्ध छ । यसै सन्दर्भमा कोषमा योगदानकर्ताले जम्मा गरेको रकमलाई सुरक्षित लगानीमार्फत दिगो प्रतिफल दिनका निम्ति कोषद्वारा तयार गरिएको लगानी कार्यविधि स्वीकृत भइ लागु हुने चरणमा रहेको छ । योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमको कार्यान्वयनसँगै कोषको दिर्घकालीन वित्तीय श्रोतमा गुणात्मक वृद्धि हुँदै जानेछ ।

अन्तर्राष्ट्रिय असल अभ्यासको अवलम्बन गर्दै नेपाल सरकारका योजना कार्यक्रम तथा प्रतिबद्धता पुरा गर्दै कोषको दिर्घकालीन पुँजीलाई योगदानकर्ताको हित सुनिश्चित हुने गरी पुर्वाधार निर्माणका क्षेत्रमा परिचालन गर्न कोष केन्द्रित हुन आवश्यक छ । तसर्थ सरकारले शुभारम्भ गरेको सामाजिक सुरक्षा कार्यक्रममा हातेमालो गर्दै सहकार्य गरिरहेको नीजि क्षेत्र आगामी दिनमा झन् जिम्वेवारी बोधका साथ अगाडि बढ्नेछ भन्ने विश्वास सरकारले लिएको छ ।

संशोधनको क्रममा रहेको नीजि संगठित क्षेत्रको सामाजिक सुरक्षा योजना संचालन कार्यविधि २०७५ शीघ्र संशोधन गरि आकर्षक योजनाहरुका साथ जनसमक्ष ल्याउने प्रतिबद्धता व्यक्त गर्दछु साथै परिमार्जित कार्यविधिमार्फत अनौपचारिक तथा स्वरोजगारमा रहेका श्रमिक तथा व्यक्तिलाई समेत आबद्ध गरिने प्रतिबद्धता व्यक्त गर्दछु ।

अन्त्यमा, सामाजिक सुरक्षा दिवसको अवसरमा कोषसँग आबद्ध सम्पूर्ण योगदानकर्ताको अपेक्षालाई पुरा गर्न कोषको तर्फबाट सम्पूर्ण रोजगारदाता योगदानकर्ता तथा सम्बद्ध सम्पूर्ण सरोकारवालाहरुलाई पुन शुभकामना व्यक्त गर्दछु ।

११मंसिर २०७७ | रामेश्वर राय यादव

# सामाजिक सुरक्षा दिवश समारोहमा कोषका कार्यकारी निर्देशकले दिनुभएको स्वागत तथा शुभकामना मन्तव्य




यस तेश्रो सामाजिक सुरक्षा दिवश समारोहका सभापतिज्यू,
प्रमुख अतिथि सम्माननीय प्रधानमन्त्रीज्यू
विशेष अतिथि माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीज्यू,
विशेष अतिथि माननीय मुख्य मन्त्रीज्यूहरु
सचिवज्युहरु
सामाजिक सुरक्षा कोष सञ्चालक समिति सदस्यज्यूहरू
रोजगारदाता तथा ट्रेड युनियन बाट पाल्नु भएका प्रतिनिधिज्यूहरू,
ILO, GIZ, WB लगायत अन्तराष्ट्रिय संघसंस्थाका प्रतिनिधिज्यूहरू,
पत्कारज्युहरु,
उपस्थित सम्पूर्ण अतिथि महानुभावहरू एवं
कर्मचारी मित्रहरु

फरक परिवेसमा फरक ढंगबाट सम्पन्न हुन गइरहेको तेस्रो सामाजिक सुरक्षा दिवशको यस गरिमामय क्षणमा कोषको निमन्त्रणालाइ स्वीकारेर कार्यक्रममा सहभागी हुनु भएका कार्यक्रमका प्रमुख अतिथि सम्माननीय प्रधानमन्त्री ज्यू, विशेष अतिथि माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री ज्यू, विशेष अतिथि माननीय मुख्य मन्त्रीज्यूहरु अतिथि ज्यूहरू, सभा अध्यक्ष ज्यू संचालक ज्यूहरुलगायत उपस्थित सम्पूर्ण अतिथि महानुभावहरूलाई सामाजिक सुरक्षा कोषको तर्फबाट यस कार्यक्रममा हार्दिक स्वागत एवं न्यानो अभिवादन गर्दछु ।

कोषले आफ्नो स्थापना कालदेखि विभिन्न आरोह अवरोहका बिच एक दशक पुरा गर्दैछ भने योगदानमा आधारित सामाजिक सुरक्षा योजना संचालनमा आएको आज तेस्रो वर्षमा प्रवेश गर्दैछ । नेपाल सरकार द्वारा आजको दिनलाइ सामाजिक सुरक्षा दिवसको रुपमा मनाउने निर्णय यस अघि नै गरिसकेको व्यहोरा स्मरणार्थ अनुरोध गर्दछु ।

कोषको स्थापना २०६७ चैत्र ७ गते भए तापनि नेपालको संविधान २०७२ ले संवैधानिक हकको रुपमा श्रमिकको योगदानमा आधारित सामाजिक सुरक्षा स्थापित गरेपश्चात जारी भएको श्रम ऐन २०७४ र योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ लगायत अन्य कानुनी पुर्वाधारहरूको व्यवस्था भएपश्चात २०७५ मङ्सिर ११ मा योगदानमा आधारित सामाजिक सुरक्षा योजना औपचारिक रुपमा सञ्चालनमा आएको हो । श्रम संगठन, रोजगारदाता र सरकार समेतको त्रिपक्षिय लामो अथक प्रयास एवं समझदारीबाट यो अवस्थामा आइपुगेको हो । अहिलेको अवस्था सामाजिक सुरक्षा योजना कार्यान्वयनको दृष्टिबाट सुरुवात मात्र हो । कार्यान्वयनका क्रममा देखिएका कानुनी अष्पष्टता ब्यवहारिक कठिनाइहरु सुरक्षा अवधारणाको पर्याप्त मात्रामा बुझ्ने बुझाउने कार्यको कमि तथा सुरक्षा योजनाहरुमाथि थप परिमार्जनको आवश्कता महशुस एवं लगानी कार्यविधिको स्वीकृतिको पर्खाइ तथा स्वरोजगार एवं अनौपचारिक क्षेत्रको सुरक्षा योजना कार्यान्वयनको प्रतिक्षा आदि रहेका छन् । तथापि आजको यस पुनित अवसरमा अथक प्रयास गर्ने सबैप्रति म कोषको तर्फबाट सम्मान अर्पण गर्दै यस अभियानलाइ सार्थक बनाउन कोष परिवार कटिबद्ध भएर अगाडि बढ्ने प्रतिबद्धता समेत ब्यक्त गर्दछु ।

"असल श्रम सम्बन्धको आधार, सामाजिक सुरक्षा र रोजगार" भन्ने मुल नाराका साथ अघि बढ्दै गर्दा समस्त रोजगारदाता, ट्रेड युनियन र कोषको संयुक्त प्रयासमा सुरक्षा योजना सम्बन्धी अभिमुखीकरण कार्यक्रम, सबै प्रदेशमा तालिम कार्यक्रमहरु सम्पन्न गरिएकोमा हालको जैविक प्रकोप सृजित विषम परिस्थितिमा समेत कोषले प्रविधिको प्रयोग मार्फत त्यस्ता कार्यक्रमहरूको निरन्तरता दिई नै रहेको जानकारी समेत गराउन चाहन्छु । निकट भविष्यमा नेपाल सरकारबाट लगानी कार्यविधिको स्वीकृति र सुरक्षा योजनाको समय सापेक्ष परिमार्जन एवं स्वरोजगार र अनौपचारिक क्षेत्रको सुरक्षा योजना कार्यक्रम सुभारम्भ पश्चात सचेतना कार्यक्रमलाई सरोकार पक्षसँग आवश्यक समन्वय गरि अझ व्यापक रुपमा अगाडि बढाउने ब्यहोरा अवगत गराउँछु ।

अब म कोषले विगत एक वर्षमा सम्पादन गरेका केही मुख्य गतिविधिहरूमाथि प्रकाश पार्ने अनुमति चाहन्छु ।

२०७६ मङ्सिरमा कोषमा सूचीकृत प्रतिष्ठानहरूको संख्या १० हजार २ सय ३५ रहेकोमा २०७७ मङ्गसिर १० मा यो संख्या १२ हजार नौ सय १५ पुगेको छ । त्यसैगरी कोषमा सूचीकृत योगदानकर्ताहरूको संख्या २०७६ को सोही अवधीमा रहेको १ लाख २३ हजार ५ सयबाट बढेर १ लाख ७९ हजार ७ सय ९१ पुगेको छ । पछिल्लो समय सूचीकरणका साथसाथै नियमित योगदान गर्ने योगदानकर्ताहरूको संख्यामा समेत उल्लेख्य सुधार भई २०७७ कार्तिक मसान्तसम्ममा यो संख्या ७२ हजार पुगेको छ भने यसै अवधिमा कोषले रु ३ अर्ब १० करोडभन्दा बढी योगदान रकम संकलन गरेको छ ।

कोषले सञ्चालन गरिरहेका सुरक्षा योजनाहरू अन्तर्गत योगदानकर्तालाई सुविधा दिने कार्य निरन्तर रुपमा अघि बढेको छ । कोषले सञ्चालन गरेको औषधोपचार स्वास्थ्य तथा मातृत्व सुरक्षा योजनामा हाल सम्ममा ६५२ ओटा दाबी वापत रु १ करोड १३ लाख कोषबाट विभिन्न योगदानकर्तालाई भुक्तानी भएको छ । त्यसैगरी, दुर्घटना तथा असक्तता सुरक्षा योजनामा हाल सम्ममा ४७ ओटा दाबी वापत रु १० लाख ५८ हजार , आश्रित परिवार सुरक्षा योजना अन्तर्गत २८ ओटा दाबीअन्तर्गत रु १३ लाख ७९ हजार र वृद्धावस्था सुरक्षा योजना अन्तर्गत ३८ ओटा दाबी वापत रु ३५ लाख ६२ हजार गरी जम्मा रु १ करोड ७३ लाख भन्दा बढी दाबी भुक्तानी भएको छ ।

कोषमा आबद्ध योगदानकर्ता तथा रोजगारदाताबाट कोषमा जम्मा गर्नुपर्ने चैत्रदेखि असारसम्मको रु १ अर्व ३ करोड योगदान रकम नेपाल सरकारमार्फत कोषले सम्बन्धित योगदानकर्ताको नाममा रहेको सामाजिक सुरक्षा कोष खातामा जम्मा गरिदिने काम सम्पन्न भएको छ । यसबाट सामाजिक सुरक्षा कोषमा योगदान गर्न शुरु गरिसकेका सम्पूर्ण योगदानकर्ता तथा रोजगारदाताहरूलाई राहत मिलेको छ । यो सहकार्यका निम्ति कोष नेपाल सरकारप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछ ।

यस अलावा पनि कोषले सरकारको निरन्तरको सहयोग प्राप्त गरेको छ । सरकारले यस कार्यक्रमलाई महत्वका साथ लिँदै आय कर विनियमावलीको संशोधनमार्फत विगतमा रु ३ लाखमात्र रहेको कर छुटको सिमालाई वृद्धि गरी प्रति वर्ष कोषमा जम्मा गरेको रु ५ लाखसम्मको रकममा कर नलाग्ने व्यवस्था गरेको छ । त्यसैगरी, आ.व. २०७७/७८ को बजेट बक्तब्यमार्फत २०७७ चैत्र मसान्तसम्ममा अन्य अवकाश कोषहरूमा रहेको रकम कोषमा ल्याउँदा कर नलाग्ने व्यवस्था समेत गरेको छ । यसबाट अन्य कोषमा रहेको रकम सामाजिक सुरक्षा कोषमा ल्याउने कुरा सहज भएको छ ।

नेपालको पन्ध्रौ योजनाले तय गरेको सामाजिक सुरक्षा र संरक्षणलाई दिगो, सर्वव्यापी र पहुँचयोग्य बनाई नागरिक हकको कार्यान्वयन गर्ने र राज्यप्रति नागरिकको विश्वास सुदृढ गर्ने लक्ष्यलाई मध्यनजर गर्दै सामाजिक सुरक्षा कोषले आफ्नो प्रथम रणनीतिक योजना २०७७-२०८१ तर्जुमा गरेको छ । यस योजनाको दीर्घकालीन सोच योगदानमा आधारित सामाजिक सुरक्षामार्फत एकीकृत, दिगो र बृहत सामाजिक संरक्षण तथा सुरक्षित र उत्थानशील समाज निर्माण रहेको छ भने यस योजनाको लक्ष्य योगदानमा आधारित सामाजिक सुरक्षा योजनालाई सर्वव्यापी, पहुँचयोग्य र दिगो बनाई हरेक श्रमिकको सामाजिक सुरक्षाको हक सुनिश्चित गर्ने रहेको छ ।

यस वर्ष कोषले सञ्चालन गर्ने स्वास्थ्य उपचार तथा मातृत्व योजना र दुर्घटना योजनालाई स्वास्थ्य संस्थामार्फत सोझै सञ्चालन गर्ने प्रयोजनार्थ देशभरिका ६५ भन्दा बढी स्वास्थ्य संस्थाहरूसँग सेवा प्रवाह सम्झौता सम्पन्न भएको छ । योगदानकर्तालाई पायक पर्ने अस्पतालहरूसँग थप सम्झौता गर्दै यो आर्थिक वर्षको अन्त्यसम्ममा कोषले १५० स्वास्थ्य संस्थाहरूसँग सम्झौता गरिसक्ने तथा आवश्यक पूर्वाधार जोडी अनलनइनमार्फत सर्वसुलभ सेवा प्रवाह गर्ने लक्ष्य लिएको छ। जर्मन सरकारको सहयोग सस्था GIZ संगको सहकार्यमा सामाजिक सुरक्षा कोषले प्रदान गर्ने स्वास्थ्य उपचार तथा मातृत्व र दुर्घटना तथा असक्तता योजनाहरूलाई Online मार्फत दाबी तथा भुक्तानी गर्नका लागि Software निर्माणको काम अन्तिम चरणमा रहेको छ । त्यसैगरी, अन्तर्राष्ट्रिय श्रम संगठन संगको सहकार्यमा कोषको क्षमता विकास सहयोग प्राप्त भएको छ । सामाजिक सुरक्षाका सम्वन्धमा अन्तर्राष्ट्रिय अनुभवी संस्थाहरुबाट प्राप्त सहयोगले कोषका कर्मचारीहरुको उच्च मनोवल हुनुका साथै प्रविधिको सही प्रयोगमा थप मद्दत पुगेको छ ।प्राविधिक तथा अन्य क्षमता विकासका सन्दर्भमा ILO र GIZ संस्थाहरूबाट प्राप्त सहयोगका निम्ति कोष कृतज्ञता ज्ञापन गर्दछ ।

कोषले बिद्युतीय शासन प्रणालीलाई उच्च प्राथमिकता दिदै आएको छ । रोजगारदाताले योगदान रकम जम्मा गरेको विवरण स्वचालित प्रणालीमार्फत सम्बन्धित रोजगारदाता र कोषलाई जानकारी प्रवाह हुने प्रणाली कार्यान्वयनमा आईसकेको छ। सम्बन्धित रोजगारदाता र योगदानकर्ताले कोषमा जम्मा भएको योगदान रकमको वैयक्तिक विवरण आफूले चाहेको जुनसुकै समयमा हेर्न पाउने व्यवस्था छ ।कोषमा संकलन हुने रकम तथा सो रकमको लगानी सम्बन्धमा हिसाव मिलानको दैनिक रुजु प्रणाली तयार भई कार्यान्वयनमा आएको छ। सामाजिक सुरक्षा कोषमा रोजगारदाता तथा योगदानकर्ता सूचीकरण र त्यसको

प्रमाण पत्र वितरण तथा योगदान रकम संकलन अनलाइन प्रणालीबाटै हुँदै आएको छ। योगदानकर्ताहरूले सामाजिक सुरक्षा योजनाबाट प्राप्त हुने सुविधाहरूको दाबी तथा भुक्तानी सम्बन्धमा अनलाइन प्रणाली तयार भई परिक्षणको क्रममा रहेको छ।

कोषलाई स्वायत्त संस्थाको रुपमा विकास गर्दै लैजाने सन्दर्भमा गत वर्ष कोषको स्वीकृत दरवन्दीमा सहायकदेखि उप कार्यकारी निर्देशकसम्म ६९ जना कर्मचारीको स्थायी पदपूर्ति भइ आवश्यक क्षमता विकासका तालिम समेत प्रदान गरिसकिएको छ।

कोषको गत आ व को अन्तिम लेखा परिक्षण गर्न बाँकी रहेको भए तापनि प्रारम्भिक प्रतिवेदनले देखाएबमोजिम कोषका योगदानकर्ताको बृद्धावस्था सुरक्षा योजनामा जम्मा भएको रकममा गत वर्ष करिब ७ दशमलव ५ प्रतिशत प्रतिफल दिन सकिने देखिएको छ।

कोषले सुरक्षित लगानीमार्फत दिगो प्रतिफल दिने नीतिअनुरुप रहेर निर्माण गरेको लगानी कार्यविधि स्वीकृतिको अन्तिम चरणमा रहेको जानकारी गराउँदछु। यस कार्यविधि अनुरुप तोकिएको क्षेत्रमा तोकिएको सिमाभित्र रहेर लगानी गर्दा कोषले दायित्व वहन गर्न आर्जन गर्नुपर्ने न्यूनतम प्रतिफल प्राप्त हुने तथा योगदानकर्तालाई समेत आकर्षक प्रतिफल दिन सकिने कुरामा कोष विश्वस्त रहेको छ।

संस्थागत सुशासनको पालना आन्तरिक नियन्त्रण प्रणालीको असल कार्यान्वयन तथा योगदानकर्ता एवं रोजगारदाता मैत्री सेवाप्रवाह गर्दै अगाडि बढ्नेमा कोष प्रतिबद्ध रहेको छ। यसरी अगाडि बड्ने क्रममा सदा झैं सबै पक्षबाट आवश्यक मार्गदर्शन सुझाव, सल्लाह एवं सहयोग अपरिहार्य छ। सबै सरोकारवाला पक्षबाट आगामी दिनहरूमा समेत यथोचित सहयोग तथा मार्गदर्शनको अपेक्षा गरेका छौं।

अन्त्यमा, प्रतिकूल परिस्थितिमा समेत यस समारोहलाई भव्यताका साथ सम्पन्न गराउन आ–आफ्नो भूमिकासहित उपस्थित हुनु भएका कार्यक्रमका प्रमुख अतिथि ज्यू, विशेष अतिथि ज्यू, अतिथि ज्यूहरू, सभा अध्यक्ष ज्यूलगायत उपस्थित सम्पूर्ण महानुभावहरूमा हार्दिक आभारसहित पुनः स्वागत गर्दछु।

धन्यवाद।



International Labour Organization

ILO Country Office for Nepal

1 December 2020

**Message on occasion of Third Anniversary of the Social Security Day**

On behalf of the International Labour Organization, Nepal Country Office and myself, I would like to address to you our warmest and heartiest congratulations on the achievements of the third anniversary of the Social Security Day.

I wish to extend my deep appreciation to the Ministry of Labour, Employment and Social Security and the Social Security Fund for supporting the efforts to further develop the role of national mechanisms for achieving decent work for all so everyone benefits from working conditions that offer freedom, equity, security and human dignity. I am delighted to be able to pursue and further strengthen with you the strategic partnership that our two institutions maintain today.

Please accept, with my renewed congratulations, the expression of our highest consideration and our deepest friendship. We wish you the best of wishes in the successful achievement of your intended goals and want to assure you of the full support of myself, and my colleagues, at the ILO Nepal Country Office.

Thank you,

Richard Howard
Director

# सामाजिक सुरक्षा कोषको दुई बर्ष

रोशन कोजू
निर्देशक, सा.सु.कोष


'सामाजिक सुरक्षा योजना' – एउटा नयाँ युगको सुरुआत।

सरकारले  नागिरकको बृहत्तर हितको लागि मध्य नजर राखेर ११ मंसिर २०७५ भब्य कार्यक्रमका बीच सामाजिक सुरक्षा याजना कायक्रम घाषणा गरका पान दुई बर्ष भइ सकेको छ | यो कार्यक्रम  मुलत निजी क्षेत्रमा कार्यरत, स्वरोजगार र बैदेशिक रोजगारीमा रहेका सबै मजदुरलाई सामाजिक सुरक्षा तथा बुढेसकालमा पेन्सन दिन सो योजना ल्याइएको हो। त्यसका लागि मजदुर र रोजगारदाताले 'सामाजिक सुरक्षा कोष'मा आवद्ध भएर मासिक आम्दानीबाट तोकिएअनुसारको योगदान गर्नु पर्ने प्राबधान छ।

तेस्रो श्रमशक्ति सर्वेक्षण २०१७÷०१८ का अनुसार नेपालमा ७० लाख ८६ हजार जनसंख्या कुनै न कुनै रोजगारीमा छन्। यसमा ४४ लाख ४६ हजार पुरुष र २६ लाख ४० हजार महिला छन्। सर्वेक्षणअनुसार १५.४ प्रतिशत औपचारिक र ८४.६ प्रतिशत अनौपचारिक रोजगारीमा छन्। यो लेखमा हामी बिगत २ बर्षमा कोषले प्राप्त गरेका प्रमुख उपलब्धिलाई सक्षिप्त रुपमा चर्चा गर्ने छौ |

## रोजगारदाता/ योगदनकर्ता र योगदान रकम जम्मा विवरण

मिति २०७७ कार्तिक मसान्त सम्मको तथ्यांक अनुसार १२ हजार ८ सय ९१ रोजगारदाता बाट १ लाख ७९ हजार १ सय ४३ जना श्रमिक समाजिक सुरक्षा योजनामा आवद्ध भएका छन्।





तिमध्ये ७२ हजार ४ सय ३५ ले योजनाको लागि आफ्नो पारिश्रमिकको योगदान रकम जम्मा गर्न सुरु गरिसकेका छन्।

कोषमा कार्तिक मसान्तसम्म १२ हजार ९१५ रोजगारदातामा कार्यरत १ लाख ७९ हजार ७८९ श्रमिक कोषमा आवद्ध भएका छन्। गत वर्षको समाजिक सुरक्षा दिवस मनाउँदासम्म एक लाख  १ हजार ३ सय २५ श्रमिक कोषमा आवद्ध भइसकेका थिए। यसरी अहिलेसम्म सुचिकृत योगदनकर्ताहरुको तथ्यांक केलाउदा सबैभन्दा बढी बागमती प्रदेशबाट सुचिकृत भएको पाइन्छ | कुल योगदनकर्ता मध्ये ७५.६५% योगदनकर्ता बागमती प्रदेशबाट छन् भने सबैभन्दा कम सुदुरपश्चिम प्रदेशबाट ०.३८ % रहेको छ |


# प्रदेश अनुसार रोजगारदाता तथा योगदानकर्ता विभाजन

(प्रतिशत)




हालसम्मको तथ्यांक अनुसार सुचिकृत योगदनकर्ताहरुमा २७.६% महिला योगदानकर्ता रहेकाछन् भने ७२.४% योगदनकर्ता पुरुष रहेका छन् |


# सामाजिक सुरक्षा कोषमा आवद्ध योगदानकर्ताको लैंगिक विभाजन




गत वर्ष नै १० हजार ३८१ रोजगारदाता आवद्ध भइसकेका थिए। रोजगारदाता सूचीकरणमा पनि बागमती प्रदेश नै अगाडी रहेको छ | हाल सम्म सुचिकृत रोजगारदाताहरु मध्य ६४


% भन्दा बढी बागमती प्रदेशबाटै छन् ।

## सामाजिक सुरक्षा कोषमा आवद्ध रोजगारदाता तथा योगदानकर्ता
(२०७६ श्रावण देखी २०७७ कार्तिक सम्म)




कोषमा कार्तिक मसान्तसम्ममा योगदानकर्ताको ३ अर्ब ४ कारोड जम्मा भएको छ। पछिल्लो बर्ष योगदान गर्ने योगदानकर्ताको संख्यामा उल्लेख्य बृद्धि भएको तलको चित्रले पनि दर्शाउछ :

## सामाजिक सुरक्षा योजनामा हालसम्म जम्मा रकम
(करोड)





अहिलेसम्म ७२००० बढी योगदनकर्ताले नियमित रुपमा योगदान रकम जम्मा गर्दै आएका छन् ।

## बीमा दाबी भुक्तानी तथ्यांक

कोषको बीमा सुरक्षा कार्यक्रम सुरु संगै योगदनकर्ताहरुले बीमा सुबिधा पनि दाबी सुरु गरी सकेका छन् | २०७७ कार्तिक मसान्तसम्ममा भएका कुल ७१८ बीमा दाबी भइ रू.१४७५५४५९.०४ भुक्तान पनि भइ सकेको छ |

बीमा दाबी मध्ये औषधी उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजनामा ६१८, दुर्घटना तथा अशक्तता सुरक्षा योजनामा ४३ ,आश्रित परिवार सुरक्षा योजनामा २४ र वृद्ध अवस्था सुरक्षा योजनामा ३३ दाबी आएका छन् |

त्यसमध्ये औषधी उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजनामा रू. ११०४१८३१२४., दुर्घटना तथा अशक्तता सुरक्षा योजनामा रू. ९२३९५५ ,९०. आश्रित परिवार सुरक्षा योजनामा रू. १३७९०८६४०. र वृद्ध अवस्था सुरक्षा योजनामा रू. १४१०५८५ ५.रकम भुक्तान भएको छ |




## योगदानकर्तालाई सरकारको साथ

कोरोना महामारीको कारण रोजगारीमा परेको असरलाई मध्ये नजर गर्दै नेपाल सरकारले २०७६ चैत्र देखि २०७७ असारसम्म निश्चित योग्यता पुगेका सम्पूर्ण योगदनकर्ताको योगदान रकम नेपाल सरकारले नै कोषमा जम्मा गरीदिएको थियो | उक्त चार महिनामा नेपाल सरकारले कोषमा करिब ८० हजार योगदनकर्ताको ९५ करोड बढी रकम कोषमा जम्मा गरेको हो |

## महामारी बिरुद्दको सरकारको अभियानमा कोषको साथ

कोरोना महामारीको बेला विभिन्न देशबाट स्वदेश फर्किने नेपालीहरुको स्वास्थ्य परिक्षण र holding center सम्बन्धि ब्यबस्थापनमा कोषले बिभिन्न चरणगरी १४ जना कर्मचारी परिचालन गरेको थियो | कोषबाट यसरी परिचालित कर्मचारीहरुले उक्त कार्यक्रमको सुरुदेखि अन्त्यसम्मै सेवा प्रदान गरेका थिए |

, Sanepa • P.O. Box 1457 Kathmandu • Nepal

German Development Cooperation
GIZ Office Kathmandu

Sanepa
Kathmandu, Nepal
T +9771 5523228
F +9771 5521982
giz-nepal@giz.de

Your reference
Our reference

15.12.2020

## Felicitation message on the occasion of Nepal's National Social Protection Day 2077

On the occasion of the 3rd National Social Protection Day of Nepal, on behalf of the German Development Cooperation - GIZ, I would like to extend my warm felicitations to the Government of Nepal, the Ministry of Labor, Employment and Social Security (MOLESS), Social Security Fund (SSF), and all relevant stakeholders for their extraordinary contributions towards achieving universal social protection goals in Nepal through various social protection schemes.

The GIZ supported, Support to the Health Sector Programme (S2HSP) has been a close development partner of SSF since its establishment and it has been an immense pleasure working together to achieve our common goals towards universal social protection and equity for all Nepalese citizens. Our cooperation has been highly effective due to the strong commitment of the Government of Nepal to fulfil the basic health needs of Nepalese citizens not only as a part of their fundamental rights but also as the country's obligation to ensure them of equal access to affordable and quality health services.

With funding from the German Federal Ministry of Economic Development and Cooperation (BMZ), GIZ S2HSP will continue collaborating with SSF, MOLESS and other stakeholders to advance their social protection agenda and programmes, especially for the implementation of SSF's first Five-year strategic plan which was launched this month.

Best wishes for your continued success!

Sincerely,

Dr. Elke Foerster
Country Director, GIZ Nepal

Deutsche Gesellschaft für
Internationale Zusammenarbeit (GIZ) GmbH

Registered offices
Bonn and Eschborn, Germany

Friedrich-Ebert-Allee 32 + 36
53113 Bonn, Germany
T +49 228 44 60-0
F +49 228 44 60-17 66

Dag-Hammarskjöld-Weg 1 - 5
65760 Eschborn, Germany
T +49 61 96 79-0
F +49 61 96 79-11 15

I www.giz.de

Registered at
Local court (Amtsgericht)
Bonn, Germany
Registration no. HRB 18384
Local court (Amtsgericht)
Frankfurt am Main, Germany
Registration no. HRB 12394

Chairman of the Supervisory Board
Martin Jäger, State Secretary

Management Board
Tanja Gönner (Chair)
Ingrid-Gabriela Hoven
Thorsten Schäfer-Gümbel

जर्मन सहयोग
DEUTSCHE ZUSAMMENARBEIT

## मंसिर मसान्तसम्ममा कोषमा आबद्ध रोजगारदाता, योगदानकर्ता र जम्मा योगदान रकमको विवरण

| अवधि | रोजगारदाता | योगदानकर्ता | जम्मा योगदान रकम(रु) | बीमा दाबी भुक्तानी शीर्षक | संख्या |
|---|---|---|---|---|---|
| २०७६- श्रावण मसान्तसम्म | ४२३२ | ३२५७५ | - | औषधि उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा दाबी भुक्तानी | ६५२ |
| २०७६- भाद्र मसान्तसम्म | ४९१५ | ५२७२२ | १५८०७५६४.९ | | |
| २०७६- आश्विन मसान्तसम्म | ८४४२ | ९३९६० | ६६५२६८१६.९ | | |
| २०७६- कार्तिक मसान्तसम्म | ९३५९ | १०५९८९ | १४१९१५१६८.२ | | |
| २०७६- मंसिर मसान्तसम्म | ११७९६ | १३१५१९ | २८२३९५३५३.८ | दुर्घटना तथा असक्तता दाबी भुक्तानी | ४७ |
| २०७६- पौष मसान्तसम्म | १२०३४ | १३६८४७ | ४३१७६२७०६. | | |
| २०७६- माघ मसान्तसम्म | १२१४८ | १४५३८३ | ६२१३७५९१२.३ | | |
| २०७६- फाल्गुन मसान्तसम्म | १२२८७ | १५१९०८ | ७८१४६५३५९.८ | आश्रित परिवार सुरक्षा दाबी भुक्तानी | २८ |
| २०७६- चैत्र मसान्तसम्म | १२३२० | १५६६४८ | ८८६११७३९०.६ | | |
| २०७७- वैशाख मसान्तसम्म | १२३३५ | १५७९१६ | १०२१६०००२३.४६ | | |
| २०७७- जेष्ठ मसान्तसम्म | १२३६० | १६१५८८ | १२०६४८२७३१.६४ | उपदान दाबी भुक्तानी | ३८ |
| २०७७- आषाढ मसान्तसम्म | १२४७९ | १६८२४२ | १६१६८३९७६८.९४ | | |
| २०७७- श्रावण मसान्तसम्म | १२६१७ | १७१२५४ | १६७ ००६६१२३.९ | | |
| २०७७- भाद्र मसान्तसम्म | १२६९७ | १७४४७४ | १७८.१७ करोड | कुल दाबी भुक्तानी रकम | १७३०७५९१.८९ |
| २०७७- असोज मसान्तसम्म | १२८४३ | १७७३३२ | २८२.४५ करोड | | |
| २०७७- कार्तिक मसान्तसम्म | १२८८९ | १७९०८४ | ३०१.०९ करोड | | |
| २०७७- मंसिर मसान्तसम्म | १२९७८ | १८२४३ | ३३४.१५ | | |


संरक्षक :
कपिलमणि ज्ञवाली
सल्लाहकार :
विवेक पन्थी

सम्पादन समूह:
रोशन कोजू, पि.एच.डी.
दिनेशकुमार कोइराला
दिपकराज भट्ट

कम्प्युटर ले-आउट तथा डिजाइन:
आनन्द वंश न्यौपाने
भाषा सम्पादन तथा शुद्धाशुद्धि:
ऋषिराम पाण्डेय


@ssfnepal2011

@ssf_nepal

Social Security Fund Nepal

SSFNepal